# OPEN THE GATES

## 40-DAY DEVOTIONAL

FULL GOSPEL ASSEMBLY

प्रिय चर्च परिवार

कतै कतै, परमेश्वरले हामीलाई बिस्तारै चल्न बोलाउनुहुन्छ, ताकि हाम्रो आत्माले हाम्रो जीवनलाई समात्न सकोस्। यी ४० दिन त्यस्तै एउटा निमन्त्रणाहो। यो परमेश्वरको अनुग्रह कमाउन वा हाम्रो आत्मिकता "साबित" गर्न होइन, तर ठाउँ बनाउन हो— उहाँको आवाज सुन्न, हाम्रो चाहना उहाँकोइच्छासँग मिलाउन, र उहाँले पहिले नै दिन चाहनुभएको नयाँ अनुग्रह प्राप्त गर्न।

तपाईँ उपवासमा नयाँ हुनुहुन्छ वा धेरै पटक गर्नुभएको छ, जसरी हुन्छ त्यसरी आउनुहोस्। सरल रूपमा शुरू गर्नुहोस्। तपाईँको जीवनको मौसम रस्वास्थ्यलाई ध्यानमा राखेर बुद्धिमानीपूर्वक उपवास को चुनावट गर्नुहोस्। सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको तपाईँको हृदय उहाँलाई खोज्नतर्फ लगाउनुहो।
जब तपाईँ यसो गर्नुहुन्छ, यी तीन कुराहरू अपेक्षा गर्नुहोस्:

स्पष्टता— जब कोलाहल कम हुन्छ, परमेश्वरको मृदु स्वर बुझ्न सजिलो हुन्छ।

साहस— प्रार्थनाले हरेक दिन को शानू शानू निर्णयहरूमा पनि पालन गर्न निडरता दिन्छ।

करुणा— येशूसँगको समयले मानिसहरू र हाम्रो शहर प्रतिको प्रेमलाई बढाउँछ।

यो आत्मिक पुस्तक तपाईंको सहयात्री हो, जाँचसूची होइन। यदि कुनै दिन छुट्यो भने, अपराधबोध बोक्नु पर्दैन। फेरि अघि बढ्नुहोस्। प्रत्येक पढाइलेतपाईंलाई सानो, ठोस प्रतिक्रियातर्फ लगोस्— तपाईंले साँच्चिकै गर्ने प्रार्थना, तपाईंले दिनभर साथमा बोक्ने धर्मशास्त्र, तपाईंले सुरु गर्ने संवाद, वातपाईंले आशीर्वाद दिने व्यक्ति। साना तर विश्वासयोग्य कदमहरूले पवित्र गति सिर्जना गर्छन्।

तपाईँले प्रयोग गर्न सक्ने सरल लय:

दिनको पद विस्तारै पढ्नुहोस्।
आत्माले देखाउनुभएको एउटै वाक्यमा ध्यान दिनुहोस्।
छोटो र ईमानदार प्रार्थनासँग प्रतिक्रिया दिनुहोस्।
आजै कसैलाई परमेश्वरको प्रेम देखाउन हात बढाउनुहोस्।

म प्रार्थना गर्छु, यी ४० दिनमा प्रभुले हामीभित्र उहाँको उपस्थितिको गहिरो भोख जगाउनुहोस्, थकाइ वा तनाव भएको ठाउँमा चङ्गाइ ल्याउनुहोस्, र नयाँदर्शन जगाउनुहोस् कि उहाँले हामीलाई चर्चको रूपमा के बन्न बोलाउनु भएको छ।

यस यात्रामा "हजूर हुन्छ। " भन्नुभएकोमा धन्यवाद।
यी ४० दिनपछि हामी परमेश्वरप्रति अझै कोमल, उहाँको आत्माप्रति अझ संवेदनशील, र हाम्रो जीवनका सामान्य कुनाहरूमा अझ येशूझैँ बनौं। र हामीOpen the Gates (ढोका खोलौं) भन्ने आत्मामा, परमेश्वरको कार्यलाई हाम्रो जीवन र संसारमा नयाँ, अपेक्षाभरि र नवीकृत तरिकामा स्वागत गरौं।

अत्यन्तै प्रेमसहित,

# Rhordan

**Day 1**

# बाटो, सत्य र जीवन

**लेखक:** Melanie Gorimo

> **यूहन्ना 14:12-14** *"साँच्चै, म तिमीहरूलाई भन्दछु, जसले मलाई विश्वास गर्दछ, त्यसले मैले गरेका काम पनि गर्नेछ, र तीभन्दा ठूला काम गर्नेछ, किनभने म पिताकहाँ गइरहेछु। 13तिमीहरूले मेरो नाउँमा जेसुकै मागे तापनि पुत्रमा पिताको महिमा होस् भनेर म त्यो गर्नेछु। 14तिमीहरूले मेरो नाउँमा कुनै थोक माग्यौ भने म गरिदिनेछु।*

**मुख्य सत्यता**

येशूले एक विशेष दावी गर्नुभयो: उहाँ मात्र पितासम्म पुग्ने बाटो हुनुहुन्छ। उहाँ बिना उद्धार छैन। ख्रीष्ट बिना हामी पापमा हराइरहेका हुन्छौं।

**चिन्तन**

यी वचनहरू येशूले आफ्ना चेलाहरूसँग भन्नुभयो, जब उनीहरू डर र अनिश्चिततासँग जुझिरहेका थिए। उहाँले तिनीहरूलाई (र हामीलाई पनि) निराश नहुन तर उहाँमाथि भर पर्न सम्झाउनुभयो। हाम्रो परीक्षाहरू जति भारी भएता पनि,ति केहि समयको लागि हुन्,तर अनन्त आनन्द हाम्रो प्रतीक्षामा छ। आफ्नो मृत्यु द्वारा येशूले हामीलाई पापबाट छुटकारा दिलाउनुभयो, र उहाँको पुनरुत्थानद्वारा उहाँले हामीलाई पिताको उपस्थितिमा जाने बाटो खोल्नुभयो।

यसले हामीलाई आशा र निश्चय दिन्छ: येशू आफ्ना जनहरूका लागि स्थान तयार गर्दै हुनुहुन्छ। एक दिन उहाँ फर्कनुहुनेछ, र जो उहाँलाई विश्वास गर्छ, पश्चाताप गर्छ र प्रभु र मुक्तिदाता रूपमा उहाँलाई ग्रहण गर्छ, तिनीहरू पिताको घरमा उहाँसँग रहनेछन्—जहाँ मृत्यु, पीडा, आँसु वा दुख छैन। अनन्त जीवन उहाँका सबै जनहरूलाई प्रतिज्ञा गरिएको छ।

**प्रयोग र प्रार्थना**

येशू मात्र पितासम्म पुग्ने बाटो हुनुहुन्छ भन्ने सत्यले हाम्रो जीवनलाई रूपान्तरण गर्नुपर्छ। हामीले आफैलाई  सोधौं के उहाँ साँच्चै मेरो निर्णय, प्राथमिकता र इच्छाहरूको केन्द्रमा हुनुहुन्छ? हरेक दिन उहाँसँगको सम्बन्ध बलियो बनाउन समय निकालौं—उहाँको वचन पढौं , उहाँका आज्ञाहरू पालन गरौं, र जसले उहाँबाट टाढा पार्ने कुराहरु छन् तिनलाई हटाऔं।

यो सत्यले हामीलाई अरूसँग उहाँको सत्यताको बारेमा  भन्न पनि बाध्य पार्छ। धेरै मानिसहरू परमेश्वरसम्म पुग्ने धेरै बाटोहरू छन् भनेर विश्वास गर्छन्, तर केवल येशूले मात्र उद्धार दिनुहुन्छ। यसको साटोमा ख्रीष्टलाई  नचिन्ने

एकजनाको लागि प्रार्थना गरौँ, र परमेश्वरसँग बिन्ती गरौँ कि उहाँले  तपाईँलाई प्रेम सहित येशू नै बाटो, सत्य र जीवन हुनुहुन्छ भनेर भन्ने अवसर खोलून्।

*प्रिय पिता,  येशू ख्रीष्टद्वारा सत्य प्रकट गरिदिनुभएकोमा धन्यवाद। उहाँ मात्र तपाईँसम्म पुग्ने बाटो हुनुहुन्छ भनेर म स्वीकार गर्छु, र मेरो पूर्ण विश्वास तपाईँमाथि राख्छु। मेरो विश्वासलाई बलियो बनाउनुहोस् ताकि अन्य बाटोहरूले वा तपाईँको वचनबाट टाढा पार्ने कुराले मलाई  रोक्नुहोस्। मलाई सहायता गर्नुहोस्, ताकि म हरेक दिन आज्ञाकारितामा हिँडेर जीवनको केन्द्रमा येशूलाई राख्न सकूँ। मलाई साहस र बुद्धि दिनुहोस्, ताकि म प्रेमपूर्वक अरूसँग यो सत्य बाँड्न सकूँ, र अझै तपाईँलाई खोजिरहेका व्यक्तिहरूलाई प्रकाश हुन सकूँ। उद्धारको उपहार र सदाको लागि तपाईँ सँगै बस्ने स्थान तयार गर्नुभएकोमा धन्यवाद। येशूको नाममा, आमेन।*

Day 2

# येशूलाई देख्नु भनेको पितालाई देख्नु हो

**लेखक:** Melanie Gorimo

> **यूहन्ना 14:8-11** फिलिपले उहाँलाई भने, "हे प्रभु, हामीलाई पिता देखाइदिनुहोस्। त्यति भए हामीलाई पुग्छ।" येशूले तिनलाई भन्नुभयो, "फिलिप, यतिको समयसम्म म तिमीहरूसँग छु, तैपनि तिमीले मलाई चिन्दैनौ? जसले मलाई देखेको छ, त्यसले पितालाई देखेको छ। तिमी कसरी भन्न सक्छौ, 'हामीलाई पिता देखाइदिनुहोस्?' 10म पितामा छु, र पिता ममा हुनुहुन्छ भनेर के तिमी विश्वास गर्दैनौ? जुन वाणी म तिमीहरूलाई भन्दछु, त्यो मैले मेरो आफ्नै अधिकारमा बोलेको होइनँ तर ममा वास गर्नुहुने पिताले आफ्नो काम गर्नुहुन्छ। 11मलाई विश्वास गर, कि म पितामा छु, र पिता ममा हुनुहुन्छ। नत्रभने यी कामहरूकै खातिर विश्वास गर।

**<u>मुख्य सत्य</u>**

येशूले अचम्मको दावी गर्नुभयो: उहाँलाई देख्नु भनेको परमेश्वरलाई देख्नु हो।

**<u>चिन्तन</u>**

फिलिपले निश्चितताको खोजी गर्दै येशूसँग पितालाई देखाउन भने । येशूको उत्तर अद्भुत थियो: "जसले मलाई देख्छ, उसले पितालाई देख्छ।" ख्रीष्टमा हामी परमेश्वरको पूर्ण प्रकाशन अनुभव गर्छौं। उहाँका वचन परमेश्वरका वचन हुन्, उहाँका अद्भुतकामहरू परमेश्वरका काम हुन्, र उहाँको जीवन पिताको साँचो प्रतिबिम्ब हो।

यसको अर्थ हामीलाई परमेश्वरलाई चिन्न स्वर्गमा पुग्दासम्म पर्खनु पर्दैन। येशूलाई स्वीकार गर्नु भनेको पितालाई स्वीकार गर्नु हो, किनकि उहाँहरू एक हुनुहुन्छ। जब हामी उहाँमाथि विश्वास गर्छौं, हामी आत्मविश्वासका साथ प्रार्थना गर्न सक्छौं, किनभने पिताले सुन्नुहुन्छ र जवाफ दिनुहुन्छ। हाम्रो विश्वास उहाँको वचन अध्ययन गर्दा र उहाँको चरित्रलाई येशूमा प्रकट भएको देख्दा बढ्छ। उहाँमा हामीले डर र अनिश्चितताबाट विश्राम पाउँछौं, किनकि उहाँ नै सबै कुराको नियन्त्रण हुनुहुन्छ।

**<u>प्रयोग र प्रार्थना</u>**

यदि येशूलाई देख्नु भनेको पितालाई देख्नु हो भने हामी उहाँलाई हल्कासित लिन सक्दैनौं। येशूलाई चिन्नु भनेको परमेश्वरलाई चिन्नु हो, र उहाँलाई अस्वीकार गर्नु भनेको परमेश्वरलाई अस्वीकार गर्नु हो। यस सत्यले तपाईंको विश्वासलाई अझ गहिरो बनाओस्। के तपाईं साँच्चै यस्तो जीवन जीउन चाहनुहुन्छ  जसमा येशू नै पिताको हृदय प्रकट गर्नुहुन्छ भन्ने सत्यता झल्किन्छ?

सुसमाचारहरूद्वारा आफ्नो दृष्टि येशूमाथि स्थिर राखेर विश्वासमा बढौँ। उहाँका वचन, काम र चरित्रलाई अध्ययन गर्दा बुझौँ,यही परमेश्वर हुनुहुन्छ। यसले परमेश्वरप्रतिको तपाईँको दृष्टि, प्रार्थनामा आत्मविश्वास र दैनिक निर्णयहरूलाई परिवर्तन गर्न दिनुहोस्। अनि जब तपाईँ परमेश्वरलाई खोजिरहेका अन्य मानिसहरूसँग कुरा गर्नुहुन्छ, तिनीहरूलाई येशूतिर देखाउनुहोस्, किनकि उहाँले मात्र पितालाई प्रकट गर्नुहुन्छ।

*प्रभु येशू, म विश्वास गर्छु कि तपाईँलाई देख्दा म पितालाई देख्छु। यस सत्यलाई सामान्य लिएको मेरा समयहरूको लागि मलाई क्षमा गर्नुहोस्। मेरो विश्वासलाई गहिरो बनाउनुहोस्, ताकि म तपाईँको वचन र कामलाई परमेश्वरको साँचो प्रकाशन भनेर भरोसा गर्न सकूँ। मलाई धर्मशास्त्रद्वारा तपाईँलाई अझ चिन्न बुद्धि* दिनुहोस्, *आज्ञापालनमा बाँच्न साहस* दिनुहोस्, *र अरूलाई* तपाईँ *नै पितासम्मको एक मात्र बाटो हुनुहुन्छ भनेर देखाउन धैर्यता* दिनुहोस्*। मेरो जीवनले तपाईँको प्रेम र सत्यलाई प्रकट गर्न सकोस्,ताकि अरूले मेरो जीवनद्वारा पितालाई देखून्। तपाईँको नाममा म प्रार्थना गर्छु, आमेन।*

Day 3

# येशूको नाउँमा महान कामहरू

**लेखक:** Maricar Duclay

**यूहन्ना 14:12-14** “साँच्चै, म तिमीहरूलाई भन्दछु, जसले मलाई विश्वास गर्दछ, त्यसले मैले गरेका काम पनि गर्नेछ, र तीभन्दा ठूला काम गर्नेछ, किनभने म पिताकहाँ गइरहेछु। 13तिमीहरूले मेरो नाउँमा जेसुकै मागे तापनि पुत्रमा पिताको महिमा होस् भनेर म त्यो गर्नेछु। तिमीहरूले मेरो नाउँमा कुनै थोक माग्यौ भने म गरिदिनेछु।

## मुख्य सत्य

येशूको नाउँ शक्तिशाली छ। उहाँका प्रतिज्ञाहरूले हामीलाई निश्चय दिन्छन्, र सबैभन्दा महान कामहरू उहाँकै नाउँद्वारा मात्र परमेश्वरले पूरा गर्नुहुन्छ।

## चिन्तन

जीवनमा समस्या, अनिश्चितता र भयका समयहरु आउँछन्। तर पुस्तौंदेखि पुस्तासम्म परमेश्वरको शक्तिलाई प्रमाणित गरिएको छ। उहाँका प्रतिज्ञाहरू कहिल्यै असफल भएका छैनन्। येशूको नाउँमा असम्भव देखिने परिस्थितिहरू सम्भवमा परिणत हुन्छन्। जब हामी पूर्ण रूपमा उहाँमा आत्मसमर्पण गर्छौं—विश्वास गर्दै, भरोसा गर्दै र उहाँको नाउँमा प्रार्थना गर्दै—शान्तिले चिन्तालाई हटाउँदछ,र विश्वासले भयलाई शान्त पार्छ।

उहाँको नाउँ कुनै जादु-मन्त्र होइन; यो जीवित र शासन गर्ने पुनरुत्थित ख्रीष्टको अधिकार हो। जब हामी उहाँसँग नजिक भएर हिँड्छौं, हाम्रो प्रार्थना उहाँको इच्छासँग मिल्छ, र उहाँको शक्तिले हामीमार्फत काम गरेर अझ महान कामहरू आफ्नो महिमाको लागि गर्नुहुन्छ। आज तपाईंलाई  थिचिरहेको जुनसुकै बोझ भए पनि सम्झनुहोस् , येशू सक्षम हुनुहुन्छ, र उहाँको नाउँ पर्याप्त छ।

## प्रयोग र प्रार्थना

के तपाईं समस्यामा हुनुहुन्छ, चिन्तित हुनुहुन्छ, वा के गर्ने भनेर अनिश्चित हुनुभएको छ? बिस्तारै सास फेर्नुहोस्, आँखा बन्द गर्नुहोस्,र उहाँको नाउँ उच्चारण गर्नुहोस्—येशू। उहाँले अहिले नै तपाईंमाथि नजर राखिरहनु भएको छ।

*प्रभु येशू, म मेरो सबै चिन्ता, परिस्थिति र भय आत्मसमर्पण गर्दछु। तपाईं त्यो गर्न सक्नुहुन्छ जुन म कल्पना पनि गर्न सक्दिनँ। म मेरो सम्पूर्ण हृदयले तपाईं माथि भरोसा गर्दछु। येशूको,* नाउँमा *आमेन।*

**Day 4**

# आज्ञापालन र आत्माको वरदान

**लेखक:** Maricar Duclay

| |
|---|
| **यूहन्ना 14:15-17** "तिमीहरूले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरू पालन गर्नेछौ। र म पितासँग बिन्ती गर्नेछु, र उहाँले तिमीहरूलाई अर्को सल्लाहकार दिनुहुनेछ, र उहाँ तिमीहरूसँग सदासर्वदा रहनुहुनेछ। यिनी सत्यका आत्मा हुनुहुन्छ, जसलाई संसारले ग्रहण गर्न सक्दैन, किनभने संसारले उहाँलाई न त देख्छ न चिन्छ। तिमीहरू उहाँलाई चिन्छौ, किनभने उहाँ तिमीहरूसँग वास गर्नुहुन्छ, र उहाँ तिमीहरूमा रहनुहुनेछ। |

**<u>मुख्य सत्य</u>**

येशूले प्रेमलाई आज्ञापालनसँग र आज्ञापालनलाई आत्माको प्रतिज्ञासँग जोड्नुहुन्छ। उहाँको प्रेम निस्वार्थ र बिना शर्तको हो, र जब हामी उहाँको पछि लाग्छौं, परमेश्वरको आत्मा हामीभित्र आउनुहुन्छ—हामीलाई अनौपचारिक तरिकाले मार्गदर्शन र सामर्थ्य दिनुहुन्छ।

**<u>चिन्तन</u>**

चेलाको जीवनमा प्रेम र आज्ञापालन छुट्याउन सकिँदैन। येशूले हामीलाई डर वा कर्तव्यको कारणले आज्ञापालन गर्न नभनी प्रेमका कारण आज्ञापालन गर्न बोलाउनुहुन्छ। साँचो आज्ञापालन उहाँको प्रेमद्वारा रूपान्तरित हृदयबाट स्वाभाविक रूपमा बग्छ। जसरी येशूले पितालाई उहाँप्रतिको प्रेमका कारण आज्ञापालन गर्नुभयो, त्यसरी नै हामीले पनि उहाँप्रतिको प्रेमका कारण येशूलाई आज्ञापालन गर्न बोलाइएका छौं।

तर येशूले हामीलाई आफ्नै बलमा आज्ञापालन गर्न छोड्नुहुन्न। उहाँले "अर्को सल्लाहकार "—पवित्र आत्माको प्रतिज्ञा दिनुहुन्छ। यो शब्दको अर्थ हो सहयोगी,मार्गदर्शन दिने,र बचाउने। जब हामी दुर्बल हुन्छौं आत्माले बल दिनुहुन्छ, जब हामी शोक गर्छौं उहाँले सान्त्वना दिनुहुन्छ, जब हामी हराउँछौं उहाँले मार्गदर्शन दिनुहुन्छ, र जब हामी झूट वा विरोध सामना गर्छौं उहाँले हामीलाई बचाउनुहुन्छ । उहाँ सत्यको आत्मा हुनुहुन्छ, र संसारले उहाँलाई चिन्न सक्दैन, तर हामी उहाँलाई चिन्छौं, किनभने उहाँ हाम्रो भित्र बस्नुहुन्छ।

यो नै पुरानो करार र नयाँ करारबीचको ठूलो फरक हो: अघिल्लो समयमा आत्मा मानिसहरू "माथि" आउनुहुन्थ्यो वा "साथमा" हुनुहुन्थ्यो, तर अब उहाँ सधैंभरि हामी "भित्र" हुनुहुन्छ। उहाँको उपस्थितिले हामीलाई कहिल्यै नत्याग्ने परमेश्वरले प्रतिज्ञा गर्नुहुन्छ। सायद हामीसँग सबै उत्तरहरू नहुन सक्छ, तर उहाँ नै हामी सबैको उत्तरहरुको आत्मा हुनुहुन्छ।

**<u>प्रयोग र प्रार्थना</u>**

अहिले केही क्षण रोकी सत्यको आत्मालाई तपाईँको हृदयमा जाँच्न निम्त्याउनुहोस। के कुनै क्षेत्रमा आज्ञापालन गर्न उहाँले तपाईँलाई बोलाइरहनुभएको छ? शान्त बस्नुहोस्, उहाँको उपस्थितिलाई महसुस गर्नुहोस् , र उहाँको नेतृत्वमा हिँड्नुहोस। उहाँको मार्गदर्शन कसरी अनुभव गर्नुहुन्छ भन्ने कुरा विचार गर्नुहोस्, र प्रेममा प्रतिक्रिया दिनुहोस्।

*प्रिय परमेश्वर, मलाई छान्नुभएकोमा र सत्यको आत्मा मलाई दिनुभएकोमा धन्यवाद, जो म भित्र बस्नुभएको छ।* तपाईँको *प्रेमको प्रतिक्रियास्वरूप खुशीसहित आज्ञापालनमा हिँड्न मलाई मद्दत गर्नुभयो। आफ्नो उपस्थितिले मलाई भरिदिनुभयो, सत्यमा मलाई मार्गदर्शन गर्नुभयो,* र तपाईँ *सँगै हिँड्ने आनन्द सधैँ रहिरहोस्। येशूको नाउँमा, आमेन।*

**Day 5**

# कहिल्यै एक्लै छोड्नुहुन्न

**लेखक:** Jennifer Laruta

**यूहन्ना 14:18–21** *“म तिमीहरूलाई टुहुरा छोड्नेछैनँ। म तिमीहरूकहाँ आउनेछु। अब केही समयपछि संसारले मलाई कहिल्यै देख्नेछैन, तर तिमीहरूले मलाई देख्नेछौ। म जीवित भएको हुनाले, तिमीहरू पनि जीवित रहनेछौ। त्यस दिन तिमीहरूले जान्नेछौ, कि म मेरा पितामा छु, र तिमीहरू ममा, र म तिमीहरूमा छु। मलाई प्रेम गर्ने त्यही हो जससँग मेरा आज्ञा छन् र ती पालन गर्दछ। अनि मलाई प्रेम गर्नेलाई मेरा पिताले प्रेम गर्नुहुन्छ। म त्यसलाई प्रेम गर्नेछु, र म आफैलाई त्यसकहाँ प्रकट गर्नेछु।”*

**मुख्य सत्य**

येशूले वाचा गर्नुहुन्छ कि हामी कहिल्यै एक्लै हुँदैनौं। यद्यपि उहाँ अब भौतिक रूपमा हामीसँग हुनुहुन्न, उहाँको आत्मा हामी भित्र बस्नुहुन्छ। जो उहाँलाई माया गर्छन् र आज्ञापालन गर्छन्, तिनीहरूको लागि उहाँको उपस्थिती साँचो र निरन्तर छ।

**चिन्तन**

कति शान्तिको कुरा हो कि येशूले हामीलाई अनाथको रूपमा छोड्नु भएको छैन। हाम्रो संघर्ष र दुर्बलताको क्षणहरूमा, उहाँ हामीलाई सम्झाउनुहुन्छ: “किनभने म जीवित छु, तिमीहरू पनि जीवित हुनेछौ।” उहाँको पुनरुत्थानले अनन्त जीवनको आश्वासन दिन्छ, र उहाँको आत्माले हरेक दिन हाम्रो हृदयमा उहाँको उपस्थितिलाई अनुभूति गराउँदछ।

यो वाचाले हामीलाई अझ गहिरो रूपमा उहाँमा भर पर्न सिकाउँछ। येशूप्रतिको हाम्रो प्रेम केवल बोलिने मात्र होइन, उहाँका आज्ञाहरू पालन गरेर देखाउनुपर्छ ।यसो गर्दा, उहाँको जीवन हामीमा प्रकट हुन्छ—हरेक समयमा आशा, शक्ति र शान्ति ल्याउँछ।

**प्रयोग र प्रार्थना**

के तपाईं आफ्नो जीवनमा परमेश्वरको उपस्थितिलाई अझ अनुभव गर्न चाहनुहुन्छ? आज उहाँलाई आफ्नो हृदयमा निम्त्याउनुहोस उहाँलाई तपाईंकहाँ प्रकट हुन दिनुहोस्।

*धन्यवाद, प्रभु, तपाईंले मलाई कहिल्यै छोड्नुहुन्न। किनभने तपाईं जीवित हुनुहुन्छ र म पनि जीवित छु। पवित्र आत्मा, तपाईँको उपस्थिती, प्रेम, र सान्त्वना आज मेरो जीवनमा पुरा होस्। आमेन।*

**Day 6**

# आज्ञापालनमा सिद्ध प्रेम

**लेखक:** Jennifer Laruta

**यूहन्ना 14:22-24** यहूदाले (इस्करियोतचाहिँ होइन) उहाँलाई भने, "प्रभु, तपाईंले के भन्नुभएको, तपाईं आफैलाई हामीमा प्रकट गर्नुहुन्छ, र संसारलाई चाहिँ होइन?" येशूले तिनलाई जवाफ दिई भन्नुभयो, "जसले मलाई प्रेम गर्छ, त्यसले मेरो वचन पालन गर्नेछ, र मेरा पिताले त्यसलाई प्रेम गर्नुहुनेछ, र हामी त्यसकहाँ आउनेछौं, र त्यससँग वास गर्नेछौं। 24मलाई प्रेम नगर्नेले मेरा वचन पालन गर्दैन। जुन वचन तिमीहरू सुन्छौ, त्यो मेरो होइन, तर मलाई पठाउनुहुने पिताको हो

**मुख्य सत्य**

साँचो प्रेम र येशूप्रतिको आज्ञापालनले हाम्रो परमेश्वरसँगको गहिरो सम्बन्ध देखाउँछ।

**चिन्तन**

येशूले हामीलाई भन्नुहुन्छ कि उहाँप्रतिको साँचो प्रेम उहाँका शिक्षाहरूको आज्ञापालनमार्फत प्रकट हुन्छ। प्रेम केवल भावना मात्र होइन, यो दैनिक निर्णय हो जसको काममार्फत देखिन्छ।

परमेश्वर हाम्रो लागि प्रेमको सम्बन्ध हो, र जब हामी उहाँका आज्ञाहरू पालन गर्छौं, यो सम्बन्ध अझ गहिरो हुन्छ। येशूले वाचा गर्नुभएको छ कि जब हामी उहाँलाई प्रेम गर्छौं, पिताले पनि हामीलाई प्रेम गर्नुहुन्छ, र उहाँ हामीसँग बस्न आउनुहुन्छ—नजिकको सहजीवनको चित्र।

अर्कोतर्फ, आज्ञापालन नगर्नुले प्रेमको कमी देखाउँछ। येशूलाई साँच्चै प्रेम गर्नु भनेको उहाँका वचन सुन्नु र ती वचनले हाम्रो जीवनलाई आकार दिनु हो।

**प्रयोग र प्रार्थना**

आफैँलाई सोध्नुहोस आज म कसरी येशू ख्रीष्टप्रतिको प्रेमलाई देखाउन सक्छु आज्ञापालनमार्फत?

उहाँको वचन दैनिकी जीवनमा पालन गर्न शक्ति र मार्गदर्शनको लागि प्रार्थना गर्नुहोस्।

*प्रभु येशू, हामीलाई देखाउनु भएकोमा धन्यवाद कि साँचो प्रेम आज्ञापालनमा प्रकट हुन्छ। म तपाईंलाई अझ बढी प्रेम गर्न सिकाउनुहोस, तपाईंको शिक्षाहरू पालन गर्न प्रेरणा दिनुहोस्, र तपाईंलाई सम्मान गर्ने जीवन बाँच्न सक्षम*

*बनाऊनुहोस्। जहाँ म असफल हुन्छु, मेरा कमजोरीहरू देखाइदिनुहोस् र मलाई तपाईंको नजिक ल्याऊनुहोस्। पवित्र आत्मा, म भित्र बास गर्नुहोस् र तपाईंको मार्गमा हिँड्न शक्ति दिनुहोस। येशूको नाउँमा,आमेन।*

**Day 7**

# आत्माले साक्षी दिनुहुन्छ

**लेखक:** Marite Pacis

**यूहन्ना 15:26** जब सल्लाहकार आउनुहुन्छ, जसलाई म पिताको तर्फबाट तिमीहरूकहाँ पठाइदिनेछु, अर्थात् सत्यका आत्मा, जो पिताबाट आउनुहुन्छ, उहाँले नै मेरो विषयमा गवाही दिनुहुनेछ।

**मुख्य सत्य**

येशूले पवित्र आत्मा, सल्लाहकार ,आउनुहुने वाचा गर्नुभयो, जसले मार्गदर्शन गर्नुहुन्छ, रक्षा गर्नुहुन्छ र उहाँबारे साक्षी दिनुहुन्छ।

**चिन्तन**

आफ्ना चेलाहरू छोड्नुभन्दा पहिले, येशूले उनीहरूलाई आश्वासन दिनुभयो कि उनीहरू कहिल्यै एक्लै हुने छैनन्। सत्यको आत्मा पिताबाट आएर उनीहरूका भित्र बस्नेछ र येशूको विषयमा साक्षी दिनेछ। यसको अर्थ, आत्माको उपस्थिती इच्छा अनुसारको होइन, तर ख्रीष्टियन जीवनको अनिवार्य भाग हो। येशूले भन्नुहुन्छ कि उहाँ आत्मा हुनुहुन्छ उहाँको वचनले पुष्टि गर्छ र हाम्रो विश्वास बलियो बनाउँछ।

यस विश्वासले हामीलाई शान्ति मिल्छ, किनभने हामी त्यागिएका छैनौं। पवित्र आत्माले हामीलाई सत्यतर्फ मार्गदर्शन गरिरहनु हुन्छ, जब हामी भुल्छौं उहाँले हामीलाई सचेत गराउनुहुन्छ, र येशूको प्रेम र प्रतिज्ञाहरू सम्झाउँनुहुन्छ।

**प्रयोग र प्रार्थना**

हरेक दिन पवित्र आत्माको मार्गदर्शनमा विश्वास राख्नुहोस् । जब अनिश्चितताको सामना गरीरहनुभएको छ, केही समयलाई पर्खिनुहोस र उहाँलाई तपाईंको मार्गदर्शनको लागि आफ्नो हृदयमा निम्त्याउनुहोस।येशूको विषयमा उहाँको साक्षीले तपाईंको जीवनमा निर्णय गर्न ठाउँ दिनुहोस् ।

*स्वर्गीय पिता, पवित्र आत्मा मेरो सहायकको रूपमा पठाउनु भएकोमा धन्यवाद। म उहाँको आवाजलाई सुन्न र येशूको विषयमा उहाँको साक्षीमा बलियो हुन मद्दत गर्नुहोस । मेरो हृदय सधैं उहाँको अगुवाइमा खुला रहोस्। येशूको नाउँमा, आमेन।*

**Day 8**

# हामीले साक्षी दिनै पर्छ

**लेखक** Marite Pacis

**यूहन्ना 15:27** तिमीहरू सुरुदेखि नै मेरो साथ रहेका हुनाले, तिमीहरू पनि मेरा साक्षी हौ।"

**मुख्य सत्यता**

ख्रीष्टलाई चिनेका व्यक्तिहरूलाई उहाँको बारेमा साक्षी दिन बोलाइएको छ, र यसका लागि उनीहरूलाई आत्माले सामर्थ्य दिनुहुन्छ।

**चिन्तन**

येशूले आफ्ना चेलाहरूलाई सम्झाउनुभयो कि जसरी आत्माले उहाँको विषयमा साक्षी दिनेछ, त्यसैगरी उनीहरूले पनि साक्षी दिनुपर्छ। उहाँसँग बिताएको समयले उनीहरूलाई यस मिशनको लागि तयार पारेको थियो। हामीलाई पनि सामर्थ्य दिनुहुन्छ ता कि येशूको विषयमा साक्षी दिन सकोस् भनेर।

हामीलाई आफ्नै बलमा साक्षी बन्न भनिएको होइन, तर आत्मासँग सहकार्यमा। विश्वासमा हिँड्दा, उहाँले हामीलाई साहस, स्पष्टता, र येशूलाई वरिपरिका मानिसहरूसँग भन्ने अवसरहरू दिनुहुन्छ। ख्रीष्टको विषयमा साक्षी दिनु केवल काम मात्र होइन; यो उहाँलाई व्यक्तिगत रूपमा चिनेको परिणाम हो।

**प्रयोग र प्रार्थना**

आफ्नो विश्वास बाँड्न सचेत रहनुहोस् । परमेश्वरसँग प्रार्थना गर्नुहोस् कि यस हप्तामा तपाईंले कुनै व्यक्तिलाई भन्नुहोस् ता कि तपाईंको साक्षी बाट ख्रीष्टले तपाईँको जीवनमा गर्नुभएको कामले —अरूलाई उहाँतिर जीउन को लागि डोर्याओस।

*प्रभु येशू, मलाई* तपाईंको *विषयमा* साक्षी *दिनको* लागि *विशेष अवसर दिनुभएकोमा धन्यवाद। मलाई* तपाईंको *आत्माले सामर्थ्य दिनुहोस्, ताकि म साहसपूर्वक बोल्न र विश्वासपूर्वक जीवन जीउन सकूँ। मेरो जीवनले अरूलाई* तपाई *तर्फ डोर्याओस, ताकि तिनीहरू पनि विश्वास गरून् र पछ्याउन सकून्। आमेन।*

Day 9

# तपाईँको दुःख खुशीमा परिणत हुनेछ

**लेखक:** Maria Bermoy

**यूहन्ना 16:16-19** "अलि बेरपछि तिमीहरूले मलाई फेरि देख्नेछैनौ, अनि अलि बेरपछि मलाई फेरि देख्नेछौ।"
17तब उहाँका कुनै-कुनै चेलाहरूले एक-अर्कालाई भने, "उहाँले हामीहरूलाई यो भन्नुभएको के हो? 'अलि
बेरपछि तिमीहरू मलाई देख्नेछैनौ, अनि फेरि अलि बेरपछि तिमीहरू मलाई देख्नेछौ,' र 'किनकि म पिताकहाँ
गइरहेछु'।" 18तिनीहरूले भने, "उहाँले 'अलि बेर' भन्नुभएको के हो? हामी जान्दैनौ, उहाँ के भन्दैहुनुहुन्छ।"
19तिनीहरूले उहाँलाई सोध्ने इच्छा गर्दैछन् भन्ने येशूलाई थाहा भयो, र उहाँले भन्नुभयो, "'अलि बेरपछि तिमीहरू
मलाई देख्नेछैनौ, अनि अलि बेरपछि मलाई देख्नेछौ' भन्ने कुराको अर्थ के हो भन्ने विषयमा के तिमीहरू आपसमा
बहस गरिरहेछौ?

**मुख्य सत्यता**

येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो कि उहाँ 'थोरै समयका लागि' टाढा हुनुहुनेछ, तर त्यसपछि उनीहरूले उहाँलाई फेरि देख्नेछन्। यसले उहाँको मृत्यु र पुनरुत्थानलाई संकेत गर्दछ। उहाँको अनुपस्थितिमा दुःख हुनेछ, तर फेरि उहाँसँग मिल्दा त्यो दुःख खुशीमा परिणत हुनेछ—एउटा खुशी जुन कसैले लिन सक्दैन।

**चिन्तन**

चेलाहरूले येशूका शब्दहरू बुझ्न संघर्ष गरे किनभने दुःख र भ्रमले हाम्रो विश्वासलाई अक्सर ढाक्छ। तर येशू उनीहरूलाई तयारी गराउँदै थिए: मृत्युमार्फत उहाँको अस्थायी अनुपस्थितिले दुःख ल्याउनेछ, तर उहाँको पुनरुत्थानले अटल खुशी ल्याउनेछ।

यस्तै तरिकाले, हामी पनि त्यस्ता समयहरू पार गर्न सक्छौं जहाँ हामीलाई लाग्छ कि येशू हाम्रो परिस्थितिबाट 'अनुपस्थित' हुनुहुन्छ। तर उहाँको पुनरुत्थानले हामीलाई सिकाउँछ कि दुःख अन्त होइन। अस्थायी दुःख उहाँका प्रतिज्ञाहरूमा भरोसा राख्दा स्थायी खुशिमा परिणत हुन सक्छ। ख्रीष्टको उपस्थितिले हामीलाई आश्वासन दिन्छ कि हाम्रो आशा सुरक्षित छ, यद्यपि हामी पूर्ण रूपमा बुझ्दैनौं।

**प्रयोग र प्रार्थना**

येशू 'अनुपस्थित' देखिए पनि, उहाँमाथि निरन्तर विश्वास राख्नुहोस्।

ख्रीष्टका अनुयायीको रूपमा, परीक्षा र कठिनाइमा धैर्य राख्नुहोस्। उहाँमा विश्वास राख्नुहोस्, र उहाँको वचन र आज्ञाहरू पालन गर्दै अघि बढ्दै जानुहोस्।

*धन्यवाद, प्रभु येशू, कि दुःख अन्तिम शब्द होइन। धन्यवाद, पवित्र आत्मा, मेरो समझलाई खोलिदिनु र मलाई सत्यमा मार्गदर्शन  गर्नुहोस्। जब म कठिनाइको सामना गर्छु, मलाई विश्वास कायम राख्न, धैर्य राख्न, र तपाईँको वचन पालन गर्न मद्दत गर्नुहोस्। तपाईँको उपस्थितिबाट आउने खुशीको लागि धन्यवाद। येशूको नाउँमा, आमेन।*

Day 10

# खुशी जसलाई कसैले लिन सक्दैन

**लेखक:** Maria Bermoy

**यूहन्ना 16:20-22** साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरू रुनेछौ र विलाप गर्नेछौ, तर संसार रमाउनेछ। तिमीहरू शोकित हुनेछौ, तर तिमीहरूको शोक आनन्दमा परिणत हुनेछ। 21बालक जन्माउने बेलामा स्त्रीलाई पीडा हुन्छ किनभने तिनको बेला आएको हुन्छ, तर जब तिनले बालक जन्माउँछिन्, तब तिनलाई त्यस वेदनाको सम्झना हुँदैन किनकि संसारमा एउटा बालकको जन्म भयो भन्ने कुरामा तिनी हर्षित हुन्छिन्। 22यसरी नै अहिले तिमीहरूलाई शोक हुन्छ, तर म फेरि तिमीहरूलाई देख्नेछु, र तिमीहरूका हृदय आनन्दित हुनेछन्। अनि कसैले तिमीहरूको आनन्द तिमीहरूबाट खोस्नेछैन।

**मुख्य सत्य**

येशूले आफ्ना चेलाहरूलाई आश्वासन दिनुभयो कि तिनीहरूको दुःख अस्थायी हुनेछ। जस्तो कि महिलाको प्रसूति पीडा छिट्टै नयाँ जीवनको खुशीमा परिणत हुन्छ, त्यसैगरी उहाँको मृत्युपछि चेलाहरूको दुःख उहाँको पुनरुत्थानले ल्याउने स्थायी खुशिले बदलिनेछ। यो खुशी संसारको अस्थायी सुख जस्तो होइन—यो पूर्ण, स्थायी, र कसैले लिन सक्दैन।

**चिन्तन**

यस वचनले हामीलाई सिकाउँछ कि परीक्षा र दुःख अस्थायी छन्, तर ख्रीष्टमा तिनीहरू खुशीमा परिणत गर्न सकिन्छ। जस्तै प्रसूति पीडाले नयाँ जीवनको आनन्द ल्याउँछ, हाम्रो संघर्ष पनि एक दिन येशूको पुनरुत्थानले अनन्त खुशीमा परिणत हुनेछ।

येशूसँगको हाम्रो सम्बन्ध नै दीर्घकालीन खुशीको साँचो स्रोत हो, जुन संसारको पीडाले चोर्न सक्दैन। अहिले हामी दुःखी महसुस गर्दा पनि, हामी आशा सहित अगाडि हेर्न सक्छौं, किनभने उहाँको पुनरुत्थान खुशी र अनन्त जीवनको अन्तिम पक्का विश्वास हो।

**प्रयोग र प्रार्थना**

जब पीडा र परीक्षा आउँछ, परमेश्वरका प्रतिज्ञाहरू सम्झनुहोस् ।

येशूमाथि ध्यान केन्द्रित गर्नुहोस् —उहाँका शिक्षाहरू, आज्ञाहरू, र पुनरुत्थानमाथि—किनभने उहाँमा हामी अनन्त जीवन पाउँछौं।

*धन्यवाद, परमेश्वर। धन्यवाद, येशू। धन्यवाद, पवित्र आत्मा, मलाई यो सन्देश देखाउनु भएकोमा। जब म तपाईंको वचन पढ्छु, मलाई प्रत्येक पाटोमा मार्गदर्शन गर्नुहोस्। यसलाई बुझ्न, पालन गर्न, र दैनिक जीवनमा लागू गर्न मद्दत गर्नुहोस्। ख्रीष्टबाट मात्र आउने अनन्त खुशीको लागि धन्यवाद। येशूको नाउँमा, आमेन।*

**Day 11**

# येशूको नाउँमा माग्नुहोस् र आनन्द साथ पाउनुहोस्

**लेखक:** Sally Aquino

**यूहन्ना 16:23-24** *" त्यस दिन तिमीहरूले मलाई केही पनि सोध्ने छैनौ। म तिमीहरूलाई साँच्चो भन्दछु। मेरो नाममा जे मागे पनि मेरा पिताले तिमीहरूलाई दिनुहुनेछ। तिमीहरूले अझ सम्म मेरो नाममा केही पनि मागेकै छैनौ। मागcअनि तिमीहरूले पाउनेछौ। अनि तिमीहरूको आनन्द पूर्ण हुनेछ।*

**मुख्य सत्यता**

येशू क्रुस र पुनरुत्थानको माध्यमबाट जान लाग्दा हाम्रो निम्ति पवित्र आत्मा पठाउनको लागि उहाँले पिता सम्म पुग्ने नयाँ बाटो खोल्नुभयो। पिताले येशूलाई त्यो अधिकार दिनुभएको छ। र हामीलाई येशुको नाउँमा पितासँग माग्न आमन्त्रण गर्नुभएको छ। उहाँ यसलाई खुसीसाथ स्विकार गर्नुहुन्छ र उत्तर दिनुहुन्छ यसले हामीलाई पुर्ण खुसीमा पुर्याउँछ।

**चिन्तन**

येशूले हामीलाई आश्वस्त पार्नुहुन्छ कि उहाँको नाउँमा प्रार्थना गर्नु कुनै विचार मात्र होइन, तर सम्बन्धको वास्तविकता हो। येशू सँग माग्नु भनेको उहाँको इच्छा, उद्देश्यमा भएर माग्नु हो। यस्ता प्रार्थना सुन्नुहुन्छ र हामीलाई पिताको हृदयको सम्मुख लैजानु हुन्छ। हामी के माग्न चाहन्छौं? आज येशूले हामीलाई निडर भएर आउन आमन्त्रण गर्नुहुन्छ। जान्नुहोस् कि जब हामीलाई परमेश्वरले दिनुभएको विश्वासको प्रतिउत्तर हाम्रो जीवनमा अनुभव गर्छौं हामीलाई खुसी लाग्छ।

**प्रयोग र प्रार्थना**

पिता कहाँ येशूको नाउँमा विशेष प्रार्थना निवेदन लिएर आउनुहोस्। यस प्रश्नलाई अफ्नो प्रार्थनामा समावेश गर्नुहोस् के यसले येशूको हृदयलाई प्रतिबिम्बित गर्छ? यदि हो भने आत्मा विश्वासका साथ माग्नुहोस् एउटा सजिलो प्रार्थना डायरी राख्नुहोस् ता कि तपाईंले जे माग्नुभयो परमेश्वरले कसरी त्यसको जवाफ दिनुभयो भनेर लेख्न सक्नुहुन्छ। जसको प्रतिउत्तरले तपाईंको व्यवहारिक सिकाईको जीवनमा खुसी दिन्छ।

पिताले येशूको माध्यमबाट तपाईंहरूसँग आउने बाटो खोलिदिनु भएकोमा धन्यवाद। मलाई उहाँको नाउँमा उहाँको हृदयसँग मेल खाने गरी माग्न सिकाउनुहोस्, प्रार्थनाबाट आउने उत्तरले मेरो जीवनमा खुसीले भरिदिनुहोस्। येशूको नाउँमा आमेन।

**Day 12**

# पिता आफैले तिमीहरूलाई माया गर्नुहुन्छ

**लेखक:** Sally Aquino

**यूहन्ना 16:25-27** "यी कुराहरू मैले तिमीहरूलाई अर्थ लुकाएर भनिसकेकोछु। तर समय आउँदैछ म तिमीहरूसँग खुल्ला पारेर यी कुराहरू भन्नेछु। मेरा पिताको विषयमा म तिमीहरूलाई सरल भाषामा भन्नेछु। त्यस समय मेरो नाममा मेरा पितालाई बिन्ती गर्नेछौ। तर मैले भनिरहेकोछैन कि तिमीहरूको निम्ति म मेरा पितालाई भन्नेछु। किनभने पिता आफैंले तिमीहरूलाई प्रेम गर्नुहुन्छ। उहाँले तिमीहरूलाई प्रेम गर्नुहुन्छ किनभने तिमीहरूले मलाई प्रेम गरेकाछौ। त्यसकारणले तिमीहरूले विश्वास गर्छौ कि म परमेश्वरबाट आएको हुँ।

## मुख्य सत्यता

येशुले हामीलाई आश्वासन दिनुहुन्छ, कि पिता आफैले हामीलाई माया गर्नुहुन्छ। हामी भिक्षा माग्नेको रुपमा होइन, तर पिता द्वारा सिधै स्वागत गरिएका बालबालिकाको रूपमा आउँछौं।

## चिन्तन

हाम्रो पितासँगको सम्बन्ध छिटो र नजिकको छ। येशू मार्फत हामी अनाथ होइनौँ, तर प्रिय बालबालिका हौँ। यस विश्वासले हाम्रो प्रार्थनालाई अझ बलियो बनाउन परिवर्तन गर्नुपर्दछ। भयभीत भएर टाढा हुने होइन, तर उहाँको प्रेममा सुरक्षित हुनुपर्छ।

## प्रयोग र प्रार्थना

प्रार्थना सुरु गर्दा पिताको प्रेमलाई स्विकार गरेर सुरु गर्नुहोस् , अब्बा तपाइँले मलाई ख्रीष्टमा प्रेम गर्नुहुन्छ। सरल र स्पष्टरुपमा प्रार्थना गर्नुहोस्। सबै कुरा उहाँको हेरचाहमा सुम्पिदै।

प्रिय पिता मलाई येशूमा स्वागत गर्नुभएकोमा धन्यवाद। मलाई तपाईंको बालबालिकाको रुपमा जीवन बिताउन र प्रार्थना गर्न मद्दत गर्नुहोस्। तपाईँको विश्वासमा आत्मविश्वास र शान्त रहँदै। आमेन।

**Day 13**

# सत्यमा अडिग रहनुहोस्

***लेखक*:** Cindy Gan

**John 16:28-30 (NIV)** म पिताबाट संसारमा आएँ। अब म यो संसार छोडेर पिता कहाँ फर्केर जाँदैछु।”
29 तब येशूका चेलाहरूले भने, “तपाईंले अहिले हामीलाई खुलस्त भन्नुभयो। त्यस्तो बुझ्नै नसक्ने अष्ठेरो नबनाई
तपाईंले भन्नु भएन। 30 हामीले अब बुझ्न सक्छौ कि तपाईंले प्रत्येक कुरा जान्नु हुन्छ। तपाईंले सोध्नु अगाडि नै कुनै पनि मानिसको उत्तर दिनु सक्नुहुन्छ। यही कारणले हामीलाई विश्वास दिलाउँछ कि तपाईं परमेश्वरबाटै आउनु भएको हो।”

**<u>मुख्य सत्यता</u>**

येशुले आफ्नो उद्देश्य र मिशनलाई स्पष्ट रुपमा प्रकट गर्नुभयो। अनि चेलाहरुले विश्वास व्यक्त गरे,अनि चाँडैनै उनिहरुको विश्वास परिक्षामा परिणत हुने थियो। विश्वास भनेको केवल सत्यलाई जान्नु मात्र होइन, तर परिक्षा आउँदा त्यसमा अडिग रहनु हो।

**<u>चिन्तन</u>**

यस क्षणसम्म येशूले प्राय: दृष्टान्त प्रतिकात्मक भाषा, प्रश्नहरुद्वारा शिक्षा दिनुभयो। तर उहांँले यहाँ प्रत्यक्ष रुपले भन्नुभयो,उहाँ पिताबाट यस  संसारमा आउनुभएको र चाँडै फर्किनुहुनेछ। यो कुराले चेलाहरुलाई प्रष्ट पार्यो, र उनीहरूले आत्मा विश्वासका साथ विश्वास व्यक्त गरे।

तर येशूलाई थाहा थियो कि उनीहरूको विश्वास कमजोर थियो। चाँडैनै डरले उनीहरूलाई तितरवितर पार्ने थियो। (पद-३२) यो अवस्था र कमजोरीको तनाव हामीले पनि अनुभव गर्ने कुरा हो। हामी भन्छौँ कि येशूले हामीलाई सम्हाल्नुहुन्छ। तर परीक्षा आउँदा हामी चाँडैनै डगमगाएको हुन्छ।

विश्वास भनेको केवल सुन्नु वा बुझ्नु मात्र होइन बरु सबैकुरा डगमगिदा पनि येशूमा नै अडिग रहनु हो। चेलाहरु जस्तै हामी चुक्न सक्छौँ, तर येशू अपरिवर्तित रहनुहुन्छ। उहाँ बाटो सत्य र जीवन हुनुहुन्छ। उहाँ धैर्यवान हुनुहुन्छ। र उहाँको अनुग्रहले हाम्रो विश्वास परीक्षामा पर्न खोज्दा पनि हामीलाई फेरि फर्काउनुहुन्छ।

**<u>प्रयोग र प्रार्थना</u>**

यूहन्ना १६:२८ मा येशूको प्रत्यक्ष वचनले कसरी तपाईँको विश्वासलाई बलियो बनाउँछ र तपाईँलाई उदेश्य दिन्छ? तपाईँको जीवनको कुनै क्षेत्रमा अहिले सबैभन्दा धैरै डगमगाएको महसुस हुन्छ? कसरी येशूलाई आफ्नो जीवनमा लङ्गरको  रुपमा समाउन सक्नुनुहुन्छ?

प्रभु येशू धन्यवाद कसरी तपाईँले आफैलाई स्पष्ट रुपमा बाटो सत्य र जीवन भनेर प्रकट गर्नुभयो। परीक्षामा म चुक्दा वा सत्यलाई बिर्सिँदा मलाई क्षमा गर्नुहोस्। जब सबै कुर अनिश्चित लाग्छ, मलाई तपाइँमा अडिग रहन सक्ने विश्वास दिनुहोस्,ता कि म तपाईंको मिशनलाई साहसका साथ पुरा गर्नु सकूँ। आमेन।

**Day 14**

# कष्टको बीचमा शान्ति

***लेखक*:** Cindy Gan

**यूहन्ना 16:31-33** येशूले भन्नुभयो, "यसर्थः अब तिमीहरूले विश्वास गर्यौ? ध्यानले सुन, तिमीहरू छरिएर बस्ने समय आइरहेछ। तिमीहरू प्रत्येक आफ्नै घरमा छरपष्ट हुनेछौ। त्यो समय अब आएको छ। तिमीहरूले मलाई छाडनेछौ। म एकलो रहनेछु। तर म वास्तवमा एक्लो रहनेछैन किनभने पिता मसँग रहनु हुनेछ।
"मैले तिमीहरूलाई यी कुराहरू भनेको छु ताकि तिमीहरूलाई ममा शान्ति रहोस्। यस संसारमा तिमीहरूलाई संकट हुनेछ। तर साहसी बन। मैले संसारलाई पराजित गरेको छु।"

**मुख्य सत्यता**

येशूले आफ्ना चेलाहरूलाई आउँदै गरेको परीक्षाको लागि तयार पार्नुभयो, तर उहाँले आफ्नी शान्तिको आश्वासन पनि दिनुभयो। हाम्रो विश्वास परीक्षित हुन सक्छ, तर हामी साहस गर्न सक्छौं, किनभने ख्रीष्टले पहिले नै संसारलाई जित्नुभएको छ।

**चिन्तन**

चेलाहरूले आफूले येशूलाई बुझिसकेका सोचे, तर येशूले अझ गहिरो सत्य प्रस्तुत गर्नुभयो: चाँडै नै उनीहरूको विश्वास परीक्षित हुनेछ र उनीहरू तितरबितर हुनेछन्। उहाँले कठिनाइलाई हल्का देखाउन खोज्नु भएन—कष्ट त आउँदै थियो। तर यो गम्भीर सत्यभित्रै, उहाँले शाश्वत वाचा दिनुभयो: "साहस गर! म संसारलाई जितिसकेको छु।"

यही हो सुवार्ताको आशा। हाम्रो कमजोरी वा संसारको कठिनाइले येशूलाई जित्दैन। उहाँको विजय पूर्ण छ। हामीलाई कष्टरहित जीवनको प्रतिज्ञा गरिएको छैन, तर कष्टको बीचमै उहाँको शान्ति प्रतिज्ञा गरिएको छ। त्यो शान्ति परिस्थिति अनुसार होइन, ख्रीष्टको अपरिवर्तनीय विजयमा आधारित छ।

हरेक विश्वासीलाइ, जो परीक्षाभित्र हिँडिरहेका छन्, यी शब्दहरू नङ्गर जस्तै हुन्। तपाईंलाई छोडिएको छैन; पिता तपाईंको साथमा हुनुहुन्छ। र तपाईं भोलिको सामना गर्न सक्नुहुन्छ, किनभने येशूले संसारलाई जितिसक्नुभएको छ।

**प्रयोग र प्रार्थना**

तपाईं अहिले कुन कष्ट वा दबाबको सामना गर्दै हुनुहुन्छ? यसबाट उम्कन प्रार्थना गर्नुको सट्टा, यसैको बीचमा उहाँको शान्तिको लागि प्रार्थना गर्नुहोस्।

यस हप्तामा येशूमै “साहस गर्न” सक्ने एक तरिका लेख्नुहोस्, जसले उहाँको विजयमा तपाईंको विश्वासलाई घोषणा गर्छ।

धन्यवाद प्रभु, तपाईंको शान्तिको आश्वासनका लागि। जब मेरो विश्वास परीक्षित हुन्छ र म हार मान्न चाहन्छु, मलाई तपाईंको वचन समाउन मद्दत गर्नुहोस्। तपाईंको विश्वासयोग्यताको सम्झना दिनरात गरिरहनुहोस्। म साहस गर्न सकूँ, किनभने तपाईंले संसारलाई जित्नुभएको छ, र तपाईंमा म शान्ति पाउनेछु। येशूको नाममा, आमेन।

Day 15

# सहायकले तिमीलाई सिकाउनेछ

**लेखक:** Serene Lo

**यूहन्ना 14:25-26** *"म यी सबै कुरा अझै तिमीहरूसँग हुँदा बोलेको थिएँ। तर सहायक, पवित्र आत्मा, जसलाई पिता मेरो नाममा पठाउनुहुनेछ, तिमीलाई सबै कुरा सिकाउनेछ र मैले तिमीहरूसँग जे भनेको छु त्यसको सबै कुरा सम्झाउनेछ।"*

**मुख्य सत्यता**

पवित्र आत्मा विश्वासकर्तालाई ख्रीष्टको सत्यमा सिकाउँछ, सम्झाउँछ, र मार्गदर्शन गर्दछ।

**चिन्तन**

येशूलाई थाहा थियो कि उहाँको अनुपस्थितिपछि उनका चेलाहरू भ्रम र अनिश्चितताको क्षणहरू सामना गर्नेछन्। त्यसैले उहाँले उनीहरूलाई वाचा गर्नुभयो: पिता एक सहायक, पवित्र आत्मा, पठाउनेछ।

यो सहायक केवल उनीहरू सँग हुने मात्र होइन, तर उनीहरूको भित्र बस्नेछ, सबै कुरा सिकाउनेछ र येशूले जे भनेको थियो त्यसलाई सम्झाउनेछ। जो उहाँसँग नजिकै हिँडेका थिए, तिनीहरूका लागि यो कति ठूलो सान्त्वना भएको होला, याद वा बुझाइ मात्रमा निर्भर रहन नपर्ने थाहा पाएर।

आज हामीलाई पनि यो कति ठूलो आश्वासन दिन्छ: हामी एक्लै छोडिएका छैनौं। पवित्र आत्मा हामीमा कार्य गर्न जारी राख्नुहुन्छ—वचनलाई उजागर गर्दै, हाम्रो बुझाइ गहिरो बनाउँदै, र सत्यतर्फ मार्गदर्शन गर्दै। उहाँले हामीलाई येशूले बोलेको कुरा सम्झाउन मद्दत गर्नुहुन्छ, विशेष गरी जब हामीलाई सबैभन्दा बढी आवश्यक हुन्छ।

हरेक परिस्थितिमा, आत्मा उपस्थित र विश्वसनीय हुनुहुन्छ। उहाँ केवल नाममा सहायक मात्र होइन, विश्वासको यात्रामा हाम्रो सक्रिय, व्यक्तिगत शिक्षक हुनुहुन्छ।

**प्रयोग र प्रार्थना**

आज पवित्र आत्मालाई तिम्रो शिक्षक बन्न निम्त्याऊ। जब तिमी वचन पढ्छौ, उहाँसँग प्रार्थना गर कि येशूका शब्दहरू तिमीलाई सम्झाउन दिनुहोस्।

*पवित्र आत्मा, म तिमीलाई स्वागत गर्दछु। आज मलाई सिकाउनु। मेरो हृदय खोलेर येशूका शब्दहरू बुझ्न मद्दत गर र मलाई आवश्यक कुरा सम्झाउनु र जीवनमा लागू गर्न प्रेरणा दिनुहोस्। येशूको नाममा, आमेन।*

**Day 16**

# विश्वले दिन नसक्ने शान्ति

**लेखक:** Serene Lo

**यूहन्ना 14:27**“म तिमीहरूलाई मेरो शान्ति छोड्दछु, यो मेरो आफ्नै शान्ति तिमीहरूलाई दिंदछु। म तिमीहरूलाई शान्ति दिन्छु, यो त्यो शान्ति होइन जुन संसारले दिन्छ। यसकारण तिमीहरूको हृदय विचलित नहोस् अनि कुनै विषयमा पनि नडराऊ।

**<u>मुख्य सत्यता</u>**

येशूको शान्ति संसारको बुझाइभन्दा माथि छ र पीडित हृदयहरूलाई शान्त पार्छ।

**<u>चिन्तन</u>**

येशूले यस्तो शान्ति दिनुहुन्छ जुन हाम्रो परिवेश वा परिस्थितिमा निर्भर गर्दैन।

संसारले शान्ति नियन्त्रण, स्थिरता, वा द्वन्द्वको अभाव मार्फत दिन्छ—तर यो प्रायः नाजुक र अस्थायी हुन्छ। येशूले गहिरो कुरा दिनुहुन्छ: हामी उहाँमा भएकाले पाउने शान्ति, र उहाँले सबै कुरा नियन्त्रणमा राख्नुहुन्छ भन्ने थाहा। जीवन अनिश्चित वा नियन्त्रण बाहिर जस्तो लाग्दा पनि, उहाँको शान्ति आँधीबिहिन नभई ती बीचमा आउने स्थिरता हो।

यो शान्ति हाम्रो हृदयलाई रक्षा गर्छ, हाम्रो मनलाई स्थिर बनाउँछ, र सम्झाउँछ कि हामी एक्लै छैनौं। जब हामी उहाँको शान्ति स्वीकार गर्छौं, हामी केवल आराम मात्र पाउँदैनौं—हामी सुरक्षित आधारमा खडा हुन्छौं।

**<u>प्रयोग र प्रार्थना</u>**

जब तिमी चिन्तित महसुस गर्छौ, रोक र येशूको शान्ति आफ्नो हृदय र मनमा घोषण गर।

*प्रभु येशू, म तिम्रो शान्ति स्वीकार्छु—मेरो भित्री डर र आँधीलाई शान्त गर। मेरो हृदय विश्राममा रहोस्, तिमी मेरो साथमा र मेरो लागि हुनुहुन्छ भन्ने आत्मविश्वासमा। आमेन।*

**Day 17**

# आज्ञापालनको स्रोत प्रेम

**लेखक:** Serene Lo

**यूहन्ना 14:28–31** *"तिमीहरूले सुनेको छौ कि मैले भनेको थिएँ, 'म जान लागिरहेको छु र तिमीहरूलाई फर्कनेछु।' यदि तिमीहरूले मलाई माया गर्नुभयो भने, म पिता तर्फ जाने हुँदा खुसी हुनुहुन्थ्यो, किनभने पिता मभन्दा ठूलो हुनुहुन्छ। मैले अब तिमीहरूलाई भन्नु अघि नै भनेको छु, ताकि जब यो हुन्छ तिमीहरूले विश्वास गर्न सक। म तिमीहरूलाई धेरै कुरा भन्ने छैन, किनभने यस संसारको राजकुमार आउँदैछ। उहाँसँग मेरो माथि कुनै नियन्त्रण छैन, तर उहाँ आउँछन् ताकि संसार जानोस् कि म पिता माया गर्छु र ठीक त्यसैगरी गर्नुहोस् जुन पिता ले आज्ञा दिनुभएको छ।"*

## मुख्य सत्यता

"कठिन समयमा पनि पिताको आज्ञा मान्नु साँचो प्रेमको चिन्ह हो।"

## चिन्तन

जब येशूले क्रसको सामना गर्न तयारी गर्नुभयो, उहाँले आफ्ना चेलाहरूलाई आश्वस्त पार्नुभयो कि उहाँको अनुपस्थितिमा हार होइन, तर परमेश्वरको योजना पुरा हुँदैछ।

यद्यपि शैतान—यस संसारको राजकुमार—कर्ममा सक्रिय थिए, येशूले भन्नुभयो कि शैतानको उहाँमाथि कुनै शक्ति छैन। क्रस शैतानको जित होइन, तर येशूको परमेश्वरप्रति प्रेम र आज्ञापालनको चिन्ह हो।

संसारले परमेश्वरको विरोध गर्दा पनि, येशूले आज्ञा मान्नुभयो र उहाँको प्रेम देखाउनुभयो—पिता को इच्छामा समर्पण गर्दै, ठूलो मूल्य चुकाउँदै।उहाँको जीवनले हामीलाई सिकाउँछ कि साँचो प्रेम भनेको केवल कर्तव्य होइन, परमेश्वरप्रति समर्पित मनबाट आउने आज्ञापालन हो।

## प्रयोग र प्रार्थना

आफ्नो हृदयको विश्लेषण गर्न समय निकाल: के त्यहाँ कुनै क्षेत्र छ जहाँ परमेश्वरले आज्ञापालन माग्नु भएको छ? डर वा अनिच्छाबाट होइन, प्रेमले जवाफ दिने निर्णय गर।

*प्रभु येशू, मलाई आज्ञापालन मार्फत पितालाई माया गर्ने अर्थ देखाउनु भएकोमा धन्यवाद। मलाई इच्छाशक्ति भएको हृदयले तपाईंको पछाडि जान सिकाऊ। जब यसले मूल्य चुकाउन लाग्छ, मलाई आज्ञापालन गर्न मद्दत गर, विश्वास गरेर कि प्रेम सँधै मार्ग देखाउँछ। आमेन।*

**Day 18**

# बस र फल ल्याऊ

**लेखक:** Serene Lo

**यूहन्ना 15:1–4** *"म साँचो द्राक्षको लता हुँ, र मेरो पिता बगैंचाहुँ। उहाँले मेरो हरेक साख काट्नुहुन्छ जुन फल दिँदैन, तर हरेक साख जुन फल दिन्छ, उसलाई अझ बढी फल दिनका लागि काट्नुहुन्छ। मैले तिमीहरूलाई भनेको शब्दको कारण तिमीहरू पहिले नै सफा छौ। मेरो भित्र रह, जस्तै म तिमीहरूमा छु। कुनै साख आफैंले फल दिन सक्दैन; यसले लतामा रहनै पर्छ। तिमी पनि मेरो भित्र नबस्दा फल दिन सक्दैनौ।"*

**<u>मुख्य सत्य</u>**

फल दिने क्षमता ख्रीष्टमा बस्न र पिताको छाँटकाँट (pruning) मा समर्पणबाट आउँछ।

**<u>चिन्तन</u>**

येशूले एउटा महत्वपूर्ण आध्यात्मिक सिद्धान्त देखाउनुहुन्छ: साँचो जीवन र स्थायी फल केवल उहाँमा बस्दा मात्र आउँछ। उहाँ साँचो लता हुनुहुन्छ—हाम्रो पोषण, शक्ति, र वृद्धि को स्रोत। पिता, बगैंचाहुँको रूपमा, प्रेमपूर्वक हेरचाह गर्नुहुन्छ, जो बाधा पुऱ्याउँछ त्यसलाई काटेर हामीलाई अझ फल दिने बनाउन। छाँटकाँट कहिल्यै सजाय होइन, तर तयारी हो; यसले पीडा दिन सक्छ, तर उद्देश्यपूर्ण हुन्छ।
धेरै पटक हामी प्रक्रिया बिना फल चाहन्छौं, छाँटकाँट बिना परिणाम चाहन्छौं। तर वास्तविक रूपान्तरण तब मात्र हुन्छ जब हामी उहाँको शब्द, प्रार्थना, र दैनिक समर्पण मार्फत ख्रीष्टसँग नजिक रहन्छौं। बस्नु केवल एकपटकको निर्णय होइन, तर निरन्तर निर्भरता हो। हामी उहाँसँग जडित रहँदा, उहाँको जीवन हामीमार्फत बग्छ, र हामीले फल दिने फलले पितालाई महिमा दिन्छ।

**<u>अनुप्रयोग र प्रार्थना</u>**

आज, येशूमा बस्न केन्द्रित समय छुट्याऊ। उहाँको उपस्थितिमा हृदय शान्त गर, उहाँको शब्दमा गहिरो बसाइ राख, र वृद्धि रोक्ने कुरालाई काट्न उहाँलाई निम्त्याऊ। दैनिक उहाँमा बस्न अनुग्रहको लागि प्रार्थना गर, ताकि उहाँको जीवन हामीमार्फत स्थायी फल ल्याओस्।

*प्रभु येशू, म तिमीमा बस्ने निर्णय गर्छु। मलाई सिकाऊ कि हरेक दिन तिम्रो हृदयसँग जडित रहुँ। पिता, छाँटकाँट पीडादायी भए पनि, म विश्वास गर्छु कि तिमी मलाई अझ फलदायी बनाउँदैछौ। मलाई बस्न र बढ्न मद्दत गर। येशूको नाममा, आमेन।*

**Day 19**

# फलदायी चेलाहरू

**लेखक:** Kelvin Leong

**यूहन्ना 15:5-8** “म लता हुँ; तिमीहरू साखहरू हौ। यदि तिमीहरू मेरो भित्र रहन्छौ र म तिमीहरूमा, तिमीहरू धेरै फल दिनेछौ; म बिना तिमीहरू केही गर्न सक्दैनौ। यदि तिमीहरू मेरो भित्र बस्दैनौ भने, तिमीहरू त्यस्तो साख जस्तै हौ जुन फ्याँकिएको छ र सुकेको छ; त्यस्ता साखहरू उठाइन्छ, आगोमा फ्याँकिन्छ र जलाइन्छ। यदि तिमी मेरो भित्र रहन्छौ र मेरा शब्दहरू तिमीहरूमा रहन्छन्, जे चाहन्छौ सोध्नु, र त्यो तिमीलाई दिइनेछ। यो मेरा पिता को महिमाका लागि हो कि तिमीहरू धेरै फल दिन्छौ, आफ्नैलाई मेरो चेला भनेर देखाउँछौ।”

**<u>मुख्य सत्य</u>**

येशूका चेलाहरूलाई फलदायी बसाइबाट चिनिन्छ।

**<u>चिन्तन</u>**

जब येशूले भन्नुभयो, “म साँचो लता हुँ,” उहाँले स्पष्ट पार्न खोज्नुभयो कि उहाँ मात्र आध्यात्मिक जीवन, शक्ति, र वृद्धि को साँचो स्रोत हुनुहुन्छ। पिता बगैंचाहुँको रूपमा, प्रेमपूर्वक लता र साखहरूको हेरचाह गर्नुहुन्छ। जस्तै बगैंचाहुँले साखहरू स्वस्थ र फलदायी रहुन् सुनिश्चित गर्छ, पिता हामीलाई माया गरेर हेरचाह गर्नुहुन्छ, र क्रिष्ट जस्तै चरित्रमा बाधा पुर्‍याउने कुराहरू काट्नुहुन्छ।

छाँटकाँट सजाय होइन, तयारी हो। उहाँले आफ्नो वचन र जीवनका परिस्थितिहरू मार्फत रिस, गर्व, स्वार्थ, र क्रिष्टको चरित्रसँग विरोध गर्ने कुराहरू हटाउनुहुन्छ। उहाँको लक्ष्य हामीमा क्रिष्टजस्तो फल उत्पादन गर्नु हो—जसले आत्मामा प्रेम, खुशी, शान्ति, धैर्य, दयालुता, भलाइ, विश्वसनीयता, नम्रता, र आत्म-नियन्त्रण (गलाती ५:२२–२३) देखाउँछ। यी गुणहरूले येशूको जीवनलाई हाम्रो भित्र आत्माबाट निर्माण गरेको देखाउँछ।

हाम्रो जिम्मेवारी बस्नु हो, उहाँसँग जीवित सम्बन्धमा रहनु—उहाँको वचन, प्रार्थना, र आज्ञापालन मार्फत। जब हामी उहाँमा बस्छौं, हाम्रो जीवन उहाँको इच्छासँग मेल खान्छ, र हामी फलदायी चेला बन्नेछौं जसले पितालाई महिमा दिन्छ।

**<u>अनुप्रयोग र प्रार्थना</u>**

के तिमी छाँटकाँट प्रक्रियाको बीचमा छौ? के पुराना बानी, दृष्टिकोण, वा व्यवहार छन् जसलाई परमेश्वर काट्दै हुनुहुन्छ? उहाँको प्रेमपूर्ण कार्यमा समर्पण गर, विश्वास गर्दै कि छाँटकाँटले गहिरो फलदायी बनाउँछ।

*पिता, पवित्र आत्मा मार्फत मेरो जीवनमा गहिरो काम गर्नुहोस्। जुन कुरा मलाई रोक्छ त्यसलाई हटाउनुहोस्, र मलाई दैनिक तिमीमा बस्न इच्छाशक्ति दिने, ताकि मेरो जीवनले तिमीलाई महिमा दिने फल दिन सकोस्। आमेन।*

**Day 20**

# माया र खुशीमा बस्नु

**लेखक:** Kelvin Leong

| |
|---|
| **यूहन्ना 15:9-11** *"जसरी पिता मलाई माया गर्नुभयो, त्यसरी नै मैले तिमीहरूलाई माया गरेको छु। अब मेरो मायामा रह। यदि तिमीहरूले मेरा आज्ञाहरू पालन गर्यौ भने, तिमीहरू मेरो मायामा रहन्छौ, जस्तै मैले पिता का आज्ञाहरू पालन गरेर उहाँको मायामा रहेँ। मैले यो तिमीहरूलाई भनेको छु ताकि मेरो खुशी तिमीहरूमा रहोस् र तिम्रो खुशी पूर्ण होस्।"* |

## मुख्य सत्य

ख्रीष्टमा बस्नेहरू उहाँको माया र खुशीले धनी हुन्छन्।

## चिन्तन

येशूको "मेरो मायामा रह" भन्ने आज्ञा पहिले उहाँको हामीप्रतिको मायालाई संकेत गर्छ, हाम्रो उहाँप्रतिको माया होइन। उहाँको मायामा बस्नु भनेको उहाँको बलिदानी प्रेमको निरन्तर प्रकाशमा जीवन बिताउनु हो। त्यो माया उहाँलाई कल्वरीसम्म पुर्‍यायो, जहाँ उहाँले हाम्रो कल्पनाभन्दा धेरै पीडा सहनुभयो। उहाँले क्रस सहनुभयो केवल हामीप्रति प्रेमले होइन, पिता प्रति प्रेमले पनि। उहाँको आज्ञापालन प्रेममा आधारित थियो—पिता र हामी दुवैतिर बग्ने प्रेम।

परमेश्वरको प्रेमका सन्तानको रूपमा, हामीलाई पनि आज्ञापालनको लागि बोलाइएको छ। हाम्रो आज्ञापालन डरले होइन, प्रेमको अभिव्यक्तिले उत्पन्न हुन्छ, किनभने उहाँको प्रेमले हाम्रो हृदय परिवर्तन गरेको छ।

येशूले खुशी पनि वाचा गर्नुभयो—उहाँको खुशी, दिव्य प्रकृतिको, परिस्थितिहरू वा भौतिक कुराबाट प्रभावित हुँदैन। यो खुशी केवल खुशी जस्तो छैन; पीडामा पनि रहन्छ। खुशी ख्रीष्टमा हाम्रो स्थानको आश्वासनबाट बग्छ र शक्ति तथा विश्वसनीयता उत्पादन गर्छ। यही खुशीले येशूलाई क्रसमा सघायो (इब्रानियाँ १२:२), र यही खुशीले हामीलाई परीक्षणमा टिकाइराख्छ।

## अनुप्रयोग र प्रार्थना

ख्रीष्टको उदाहरणतर्फ हेर्नुहोस्: जस्तै उहाँले अगाडि राखिएको खुशिका लागि क्रस सहनुभयो, उहाँको खुशीले तपाईंलाई परीक्षणको सामना गर्दा शक्ति र साहस दिनुहोस्।

*पिता, मलाई तिम्रा आज्ञाहरू पालन गर्न र तिम्रो मायामा बस्न मद्दत गर। मलाई ख्रीष्टको खुशीले भरिदिनुहोस्, ताकि मेरो हृदय अडिग रहोस् र मेरो जीवन तिमीलाई महिमा दिन सक्षम होस्। आमेन।*

**Day 21**

# जस्तो मले तिमीलाई माया गरेको छु, त्यसरी माया गर

**लेखक:** Elijah Tan

**यूहन्ना 15:12-13** *"मेरो आज्ञा यस्तै हो: एकअर्कालाई मले तिमीलाई माया गरेको जस्तो माया गर। यसभन्दा ठूलो प्रेम अरू कसैले देखाउन सक्दैनः आफ्ना मित्रहरूको लागि आफ्नो जीवन दिनु।"*

## मुख्य सत्य

हामीले अरूलाई माया गर्न सक्छौं, जति कठिन किन नहोस्, किनभने ख्रीष्टले पहिले नै हामीलाई माया गर्नुभयो, र पवित्र आत्माले हामीलाई त्यस्तै गर्न शक्ति दिन्छ।

## चिन्तन

यस पाठको मुटु "जीवन दिनु" हो। ख्रीष्टले हामीलाई देखाउनुभयो कि माया केवल भावना मात्र होइन, क्रियाशीलता हो। उहाँले अनगिन्ती तरिकाले माया देखाउनुभयो—चेलाहरूका खुट्टा धुने, कठिन सत्य भन्नु, र अन्ततः क्रसमा आफ्नो जीवन दिने।

शास्त्रभरि, हामीले देख्छौं कि परमेश्वरले आफ्ना जनप्रति वफादार माया गर्नुहुन्छ, जब उनीहरू त्यसका योग्य नहुँदा पनि। माया सुझावको रूपमा होइन, आज्ञाको रूपमा दिइन्छ: "एकअर्कालाई मले तिमीलाई माया गरेको जस्तो माया गर।"

हाम्रो जीवनमा, हामी प्रायः त्यस्ता पलहरू सामना गर्छौं जहाँ अरूलाई माया गर्नु लगभग असम्भव लाग्छ—कसैले नराज गर्ने सहकर्मी, धोका दिने साथी, वा दुख दिने नेता। तर ख्रीष्टका अनुयायीको रूपमा, हामीलाई अझै माया गर्न बोलाइएको छ। जब हामी साँचो लता ख्रीष्टमा बस्छौं, हामीले परमेश्वरको महिमा ल्याउने फल दिन्छौं। पवित्र आत्माले हामीलाई दैनिक माया भर्छ र अरूलाई फैलाउन शक्ति दिन्छ, ताकि उनीहरू पनि येशूको उद्धारात्मक प्रेम अनुभव गर्न सकून्।

## अनुप्रयोग र प्रार्थना

के त्यस्तो कोही छ जसलाई माया गर्न तिमी संघर्ष गर्दैछौ?
के तिमीलाई रोकिरहेको छ कि तिमी उनलाई ख्रीष्टले जस्तो माया गरेझैं माया गर्न नसक?

परमेश्वरको उपस्थितिमा विश्राम गर। पवित्र आत्मालाई आफ्नो हृदय खोज्न, बाधा देखाउन, र त्यसलाई समर्पण गर्न आमन्त्रित गर। आफ्नो पीडा र संघर्ष उहाँलाई सुम्प, र येशूले जस्तो माया गर्न शक्ति प्राप्त गर।

*स्वर्गीय पिता, म मेरो पीडा, दुःख, र संघर्ष तिमी सामु ल्याउँछु। म तिमीमा बस्न र तिम्रा आज्ञा पालन गर्न चाहन्छु। पवित्र आत्मा, मलाई अरूलाई ख्रीष्टले देखाएको जस्तो माया गर्न शक्ति देऊ, ताकि मेरो जीवनले उहाँलाई महिमा दिने फल दिन सकोस्। येशूको नाममा, आमेन।*

**Day 22**

# फल दिनका लागि छानिएका

**लेखक:** Elijah Tan

**यूहन्ना 15:14-17** *"यदि तिमीहरूले मेरा आज्ञाहरू पालन गर्यौ भने, तिमीहरू मेरा मित्र हौ। म अब तिमीहरूलाई सेवक भनेर बोलाउँदिन, किनभने सेवकले आफ्ना मालिकको कुरा थाहा पाउँदैन। बरु, मैले तिमीहरूलाई मित्र भनेर बोलाएको छु, किनभने मैले पिता बाट सिकेको सबै कुरा तिमीहरूलाई बताएको छु। तिमीहरूले मलाई छान्नुभएन, तर मैले तिमीहरूलाई छानेको छु र नियुक्त गरेको छु ताकि तिमीहरू जाऊ र फल दिनु–त्यस्तो फल जुन स्थायी हुनेछ–र जसरी तिमीले मेरो नाममा सोध्छौ, पिता तिमीलाई दिनेछ। मेरो आज्ञा यस्तै होः एकअर्कालाई माया गर।"*

**मुख्य सत्य**

हामी छुट्टै राखिएका छौं, तर अझै संसारमा छौं, ताकि हामी स्थायी फल दिन जारी राख्न सकौं—कर्तव्यका लागि होइन, तर परमेश्वरप्रति प्रेम र श्रद्धाका कारण।

**चिन्तन**

हिजो हामीले सम्झियौं कि हामी एकअर्कालाई माया गर्न बोलाइएको छौं, जति कठिन भए पनि, जस्तै ख्रीष्टले हामीलाई माया गर्नुभयो। आज, येशूले हामीलाई उहाँसँगको सम्बन्धमा अझ गहिराइमा लग्नुहुन्छ।

श्लोक १५ मा भन्नुहुन्छ, हामी अब सेवक होइनौं, किनभने सेवकले आफ्नो मालिकको काम थाहा पाउँदैन। बरु, उहाँले हामीलाई मित्र भनेर बोलाउनुहुन्छ, किनभने उहाँले पिता बाट सिकेको सबै कुरा हामीलाई बताउनुहुन्छ। यसको अर्थ हामी अब केवल कर्तव्यका लागि परमेश्वरको सेवा गर्दैनौं, तर आत्मीयता र प्रेमबाट सेवा गर्छौं। हामीलाई उहाँको महान योजनामा सहभागी हुन आमन्त्रित गरिएको छ—सृष्टिलाई पुनःस्थापित गर्ने र त्यसलाई पूर्णता तर्फ पुर्याउने (रोमी ८:१९–२१)।

श्लोक १६ सम्झाउँछः "तिमीहरूले मलाई छान्नुभएन, तर मैले तिमीहरूलाई छानेको छु र नियुक्त गरेको छु ताकि तिमीहरू जाऊ र फल दिनु—त्यस्तो फल जुन स्थायी हुनेछ।" उहाँका मित्रको रूपमा, हामी छानिएका छौं र स्थायी फल दिन छुट्टै राखिएका छौं। हामीले अहिले पिता सम्म प्रार्थना मार्फत पहुँच पाएका छौं, उहाँको इच्छाअनुसार सोध्न सकिन्छ। संसारमा बाँच्दा पनि हामी उहाँको लागि छुट्टै बस्न बोलाइएको छौं, उहाँको हृदय प्रतिबिम्बित गर्दै र अरूलाई उहाँको माया बाँड्दै।

**अनुप्रयोग र प्रार्थना**

**मनन:** येशूले मलाई छानेको र नियुक्त गरेको थाहा पाउँदा मेरो उद्देश्य र मूल्यलाई हेर्ने तरिकामा कस्तो प्रभाव पर्छ?

**परीक्षण:** के मेरो जीवनमा त्यस्ता क्षेत्रहरू छन् जहाँ म केवल कर्तव्यका लागि सेवा गर्दैछु, येशूको मित्रको रूपमा आत्मीयतामा होइन?

**कार्य:** यस हप्ता फल दिन सक्ने एउटा व्यावहारिक तरिका पहिचान गर—ख्रीष्टजस्तो माया, जानाजान सेवा, वा सुसमाचार बाँड्ने माध्यमबाट।

*प्रभु येशू, मलाई तिम्रो मित्र भनेर बोलाएको र आफ्नो हृदय मेरो साथ बाँड्नुभएकोमा धन्यवाद। मलाई तिम्रो साथ आत्मीयतामा बस्न मद्दत गर, केवल कर्तव्यका लागि होइन, प्रेमका लागि। मलाई स्थायी फल दिन शक्ति देऊ, मेरो जीवनले अरूलाई तिम्रो माया देखाओस्, र तिम्रो महान पुनःस्थापनाको योजनामा सहभागी बनाओस्। पवित्र आत्मा, प्रत्येक दिन मलाई आज्ञा पालन, सेवा, र माया गर्न तिम्रो इच्छासँग मेल खाँदै मार्गदर्शन गर। येशूको नाममा, आमेन।*

**Day 23**

# अभिभावकको उपहार

**लेखक** Zacarius Toh

**यूहन्ना 16:5-7** *"...तर अब म त्यसतर्फ जाँदैछु जसले मलाई पठाउनुभयो। तपाईंहरूले मसँग सोध्दुहुन्न, 'तिमी कहाँ जाँदैछौ?' बरु, तपाईं दुःखले भरिनु भएको छ किनभने मैले यी कुरा भनेको छु। तर साँच्चै म भन्छु, म जानु तपाईंहरूको भलाइका लागि हो। यदि म नजाउँ भने, अभिभावक तपाईंकोमा आउँदैन; तर यदि म जाउँ, म उहाँलाई तपाईंकोमा पठाउनेछु।"*

**मुख्य सत्य**

येशूको प्रस्थान आवश्यक थियो ताकि अभिभावक, पवित्र आत्मा, आउन सकून्। यो कुनै हानि होइन, तर उपहार हो, किनभने आत्माको उपस्थिति हामीलाई सशक्त, मार्गदर्शक, र परमेश्वरले इच्छाएको जीवन जिउन सक्षम बनाउँछ।

**चिन्तन**

जीवन र सेवामा, हामी प्रायः नेता, गुरु, वा मालिकमा अत्यधिक निर्भर हुन्छौं। उनीहरूको प्रस्थानको सोचले डर, दुःख, र अनिश्चितता ल्याउन सक्छ। तर कहिलेकाहीँ उनीहरूको प्रस्थानले हामीलाई बढ्न, जिम्मेवारी लिन, र नयाँ भूमिकामा अगाडि बढ्न स्थान सिर्जना गर्छ।

